# प्रदेश नं. ५ अन्तर्गतका

# राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति समिक्षा प्रतिवेदन

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. ५, वुटवल

**विषयसूचि** **पेज नं.**


१. पृष्ठभूमि ............................................................ १

२. समष्टिगत प्रगतिको स्थिति ............................................ १

३. आयोजनाका प्रमुख उपलब्धिहरु .......................................... २

क) पुष्पलाल (मध्यपहाडी) लोकमार्ग ....................................... २

ख) भेरी बबई डाईभर्सन .................................................. २

ग) बबई सिँचाइ आयोजना ................................................. २

घ) सिक्टा सिँचाइ आयोजना ............................................... २

ङ) हुलाकी राजमार्ग ..................................................... ३

च) लुम्विनी विकास कोष ................................................... ३

छ) गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल ........................................ ४

४) समस्या तथा समाधानका उपायहरु ....................................... ४

५. माननीय मुख्यमन्त्रीज्यूबाट भएको निर्देशन ................................ ८

६) निष्कर्ष ............................................................... ९

७) अनुसूचीहरु .......................................................... १०

## १. पृष्ठभूमि :–

नेपालको आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासमा महत्वपूर्ण कोशेढुङ्गाको रुपमा रहेका नेपालका २१ वटा राष्ट्रिय गौरवका आयोजनालाई राज्यले प्रमुख प्राथमिकताका साथ कार्यान्वयन गरिरहेको छ । यस अर्न्तगत प्रदेश नं ५ मा ७ वटा राष्ट्रिय गौरवका आयोजना मध्य ५ वटा पूर्ण रुपमा तथा २ वटा आंशिक रुपमा समेत रहेको छन् ।

यस प्रदेश भित्र संचालित राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगति समीक्षा २०७५।०४।२९ मा माननीय मुख्यमन्त्री श्री शंकर पोखेलज्यूको प्रमुख आतिथ्यमा सम्पन्न भयो । उक्त कार्यक्रममा सबै आयोजनाका प्रमुख तथा प्रतिनिधिहरुले दिएको म्याण्डेट बमोजिम प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो । प्रतिवेदन प्रस्तुत गर्ने क्रममा प्रतिवेदकहरुले आयोजनाहरुको समष्टिगत प्रगति, वस्तु स्थिति, भौतिक तथा वित्तीय प्रगतिको अवस्था, समस्याहरु तथा समस्या समाधानका लागि गरिएका प्रयासहरु र नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारहरुसँग रहेका अपेक्षाहरु समेत प्रस्तुत गर्नु भएको थियो । कार्यक्रमको अन्त्यमा माननीय मुख्यमन्त्रीज्यूबाट महत्वपूर्ण सुझावहरु प्राप्त भएको थियो । समग्रमा उक्त वैठकमा निम्न वमोजिमको प्रस्तुति रह्यो ।

## २. समष्टिगत प्रगतिको स्थिति :–

प्रतिवेदकहरुले प्रस्तुत गर्नु भएको विवरण वमोजिम राष्ट्रिय गौरवका आयोजनाहरुको प्रगतिलाई निम्न वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

| सि.न. | आयोजना | प्रारम्भ मिति | सम्पन्न हुने मिति | हालसम्मको प्रगति (%) | |
|---|---|---|---|---|---|
| | | | | भौतिक | वित्तीय |
| १. | पुष्पलाल ( मध्यपहाडी) लोकमार्ग | ०६४/६५ | ०७९/८० | ६० | ५४ |
| २. | भेरी बबई डाइर्भसन | २०७२ जेठ | २०७६ चैत्र | २५ | ५१.६ |
| ३. | बबई सिँचाइ आयोजना | ०४४/४५ | ०७८/७९ | ५९.५ | ४७.१ |
| ४. | सिक्टा सिँचाइ आयोजना | ०६२/६३ | ०७६/७७ | ५७ | ५७ |
| ५. | हुलाकी राजमार्ग | | ०७६ आसाढ | ३९.२ | ४२.३ |
| ६. | लुम्बिनी विकास कोष | २०४२ | २०७८ | ८० | ८० |
| ७. | गौतम वुद्ध अन्तराष्ट्रिय विमानस्थल | | ०७६/७७ | ५५ | ४० |

## ३. आयोजनाका प्रमुख उपलब्धिहरु :–

### क) पुष्पलाल (मध्यपहाडी) लोकमार्ग

यस प्रदेशको पूर्वी रुकुममा मात्र पर्ने यस आयोजनाको कूल लम्वाई ५४ की.मी. रहेको र यस जिल्लामा जम्मा २ वटा पूल निर्माण गर्नुपर्ने देखिन्छ । जसमा सडक चौडाई गर्ने कार्य ४५ कि.मि, सव-बेस कोर्ष ३५ की.मी.,वेस कोर्ष १० की.मी. सम्पन्न भइसकेको र २ वटा पूल निर्माण कार्य अन्तिम चरणमा रहेको छ । चालू आ.व. ०७५/७६ मा ३० की.मी. सडकमा कालोपत्रे गर्ने लक्ष्य लिइएको छ । यस मार्गको काम आ.व. ०७६/७७ मा सम्पन्न हुने देखिन्छ ।

### ख) भेरी बबई डाईभर्सन

बाँके र बर्दिया जिल्लाको करिव ५१,००० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने प्राथमिक उद्देश्य तथा ४६ मेघावाट विद्युत उत्पादन गर्ने सहायक उद्देश्य लिएर उक्त आयोजनाको निर्माण कार्य भइरहेको छ । वार्षिक लक्ष्य वमोजिम काम सम्पन्न भईरहेको उक्त आयोजनाको १२ की.मी. मुख्य टनेल खनिसकिएको छ । दैनिक औषत रुपमा १५ देखि २० मी. टनेल खनिरहेको उक्त आयोजनाले अत्याधुनिक टनेल खन्ने TBM नामक मेसिन र चाईनिज कामदारको प्रयोग गरिरहेको देखिन्छ । साथै पावरहाउस र प्रशारण लाईन विस्तारको काम पनि सँगसँगै अगाडि बढेको छ । यो आयोजनाको काम आ.व. ०७७/७८ मा सम्पन्न हुने देखिन्छ ।

### ग) बबई सिँचाइ आयोजना

नेपालको पानी नेपालमा भन्ने मूल नाराका साथ सञ्चालनमा आएको यस आयोजनाले करीब ७० प्रतिशत मुआब्जा वितरणको कार्य सम्पन्न गरेको छ । अधिकांश ठेक्का सम्झौता भएको उक्त आयोजनाले जनाएको छ । करिब १३ अर्व लागत अनुमान गरिएको उक्त आयोजनाले बर्दियामा करिब ३६,००० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिएको छ । भेरी बबई डाईभर्सनले दिने ४० हजार क्यूविक मिटर पानिमा उक्त परियोजनामा निर्भर रहेको देखिन्छ । स्वदेशी लगानी र आफ्नै प्राविधिकबाट निर्माण कार्य हुँदै आएको उक्त आयोजनाले निर्माण संगसंगै सिँचाइ सुबिधा पनि पुऱ्याउँदै आएको छ । पूर्वी मूल नहर ३३.९७ की.मी. को निर्माण कार्य अन्तिम चरणमा रहेको तथा पश्चिमी मूल नहरको ४३ की.मी. मध्ये २० की.मी. सम्पन्न भइसकेको छ । यो आयोजना आ.व. ०७८/७९ मा सम्पन्न हुने देखिन्छ ।

### घ) सिक्टा सिँचाइ आयोजना

पश्चिम राप्ती नदी श्रोत रहेको र बाँके जिल्लाको पश्चिम र पूर्वी गरी कूल ४२,७६६ हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुऱ्याउने लक्ष्य लिएको उक्त आयोजनाको लागत १२ अर्वबाट बढेर २५ अर्व पुगेको देखिन्छ । उक्त आयोजनाको व्यारेज निर्माण र गेट जडानको हाईड्रोमेकानिकल कार्य सम्पन्न भएको छ । ४५.२५ की.मी. को पश्चिमी मूल नहर निर्माण कार्य सम्पन्न भएको छ । पूर्वी मूल नहरको रुख कटान तथा मूल नहरमा माटोको कार्य भइरहेको छ । पश्चिम मूल नहरको ७ वटा शाखा नहरहरुमध्ये पहिलो शाखा (शिधनिया) ८० प्रतिशत, दोस्रो शाखा (डुडुवा) ६ प्रतिशत सम्पन्न भएको र बाँकी शाखाको ठेक्का सम्झौता यसै आ.व. मा भई काम सुरु हुने बताइएको छ । करिब ५७ प्रतिशत प्रगति भएको यो आयोजना समयमै सम्पन्न गर्न कठीनाई देखिन्छ ।

### ङ) हुलाकी राजमार्ग

बाँके र बर्दिया जिल्लामा राजमार्ग निर्माण कार्य सम्पन्न गर्ने जिम्मा आयोजना कार्यालय नेपालगञ्जले लिएको छ । कपिलवस्तु र सो पूर्वका यस प्रदेशका हुलाकी राजमार्ग पनि राष्ट्रिय गौरवका आयोजना भित्रका काम भएतापनि साईटमा अफिस नखुलेकोले उक्त क्षेत्रको काम काठमाण्डौस्थित केन्द्रिय कार्यालयबाट हुँदै आएको छ । ४० प्रतिशत मात्र प्रगति हासिल गरेको र वाँकी काम निश्चित समयमा सम्पन्न हुन सक्ने देखिदैन । जसको भौतिक प्रगति सारांशलाई निम्न बमोजिम तालिकाबद्ध गरिएको छ ।

तालिका नं. २

| सि.नं. | आयोजनाको नाम | कूल लम्वाई | गत आ.व.को लक्ष्य(प्रतिशत) | गत आ.ब.को प्रगति (प्रतिशत) | चालू आ.व.को लक्ष्य (प्रतिशत) | चालू आ.व.को प्रगति ( प्रतिशत) |
|---|---|---|---|---|---|---|
| १ | नेपालगञ्ज–भगौडा सडक | ४४ की.मी. | ३० | ३३ | ६७ | २० |
| २ | भुरिगाँउ–बर्दिया–मूर्तिया सडक | ३६ की.मी. | ३५ | ३८ | ६२ | २० |
| ३ | वेलवाचोक–राजापुर–सतिघाट सडक | २७ की.मी. | ३४ | ३८ | ६२ | २० |
| ४ | राप्ती नदी पक्की पूल | ५० मी. | ५६ | ६० | ४० | ४० |
| ५ | बुढिखोला पक्की पूल | ४० मी. | ६१ | ६४ | ३६ | ३६ |
| ६ | सर्जुखोला पक्की पूल | ४० मी. | ३९ | ४० | ६० | ६० |

### च) लुम्विनी विकास कोष

लुम्बिनी क्षेत्रको पूर्वाधार विकासलाई प्रमुख महत्व दिइ काम गरिरहेका यस आयोजनाले करिब ८० प्रतिशत काम सम्पन्न भईसकेको जनाएको छ । यस कोषले जापानिज प्राध्यापक केन्जो टाँगेको गुरुयोजना अनुरुप आफ्नो काम अगाडि बढाईरहेको छ । कूल ६ अर्व १९ करोड लागत अनुमान गरिएको उक्त आयोजनामा २२ वटा राष्ट्रहरुले आ–आफ्नो स्तुपा बनाउने प्रतिबद्धता जनाएका छन् । गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल बनिसकेपछि यस आयोजनाले आफ्नो लक्ष्य हासिल गर्न योगदान पुग्ने वताइएको छ । आ.व. ०७८/७९ सम्ममा कोषको सम्पूर्ण काम सम्पन्न हुने देखिन्छ ।

### छ) गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

कूल ७८७ विगाहा जमिनमा फैलिएको यस आयोजना काठमाडौं त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्दा डेढ गुणा ठूलो हुने देखिन्छ । निर्माण कार्य गर्दा करिब ६०० घरपरिवार विस्थापित भएकोमा करिब ४०० घरपरिवार पूर्णरुपमा विस्थापित भएको छन् । समग्र निर्माण कार्यको २० प्रतिशत बाँकी रहेको उक्त आयोजनाको धावनमार्ग पीच गर्ने काम मात्र गर्न बाँकी रहेको छ । ७० मिलियन डलर लागत अनुमान गरिएको उक्त आयोजना समयमै निमार्ण सम्पन्न हुने बताइएको छ ।

## ४) समस्या तथा समाधानका उपायहरु :–

प्रतिवेदकहरुले प्रस्तुत गर्नु भएको विवरण वमोजिम राष्ट्रिय गौरवका आयोजनाहरु निर्माणको क्रममा देखापरेका समस्याहरु, समस्या समाधानका लागि गरिएका प्रयासहरु तथा आयोजनाहरुलाई समयमै सम्पन्न गर्न आगामी दिनमा स्थानीय, प्रदेश र नेपाल सरकारसँग रहेका अपेक्षाहरुलाई निम्न वमोजिमको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. ३

| **क.स.** | **आयोजना** | **झेल्नुपरेका समस्याहरु** | **समाधान गर्न गरेका प्रयासहरु** | **समस्या समाधानका अन्य उपायहरु** |
|---|---|---|---|---|
| १. | पुष्पलाल ( मध्यपहाडी ) लोकमार्ग | क) जनशक्तिको कमी रहेको,<br><br>ख) जग्गा रेखांकनमा विवाद रहेको,<br><br>ग) राजमार्गको मापदण्ड बमोजिम जग्गा अधिग्रहण नगरिएको,<br><br>घ) विद्युतीय पोलहरु स्थानान्तरणमा समस्या रहेको,<br><br>ङ) स्थानीय सरकार तथा अन्य क्षेत्रबाट जथाभावि स्काभेटर र डोजर लगाउने कार्य गरिएकाले काम प्रभावित भएको । | क) जनशक्ति व्यवस्थापनका लागि सडक विभागसँग अनुरोध गरिएको,<br><br>ख) क्षतिपूर्ति तथा मुअव्जाको लागि जिल्ला प्रशासन कार्यालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय मार्फत अर्थ मन्त्रालय लाई पत्राचार गरिएको,<br><br>ग) विद्युतीय पोल स्थानान्तरको लागि विद्युत प्राधिकरणलाई अनुरोध गरिएको, साथै नयाँ पोल राख्नु अघि विभागीय स्वीकृतिको लागि लेखी पठाईएको,<br><br>घ) स्थानीय तहसँग | क) स्थानीय सरकार तथा प्रदेश सरकारबाट सञ्चालित आयोजनासँग समन्वय गरी काम अगाडि बनाउन सके लागतलाई न्यूनीकरण गरी सडक निर्माण कार्यमा खर्च कम लाग्न सक्ने देखिएको । |

| | | | | |
|---|---|---|---|---|
| | | | समन्वय गरी काम अगाडि बढाइएको । | |
| २ | भेरी बबई डाइर्भसन | क) जग्गा अधिग्रहण गर्न समस्या देखिएको,<br><br>ख) Headwork र Camp का लागि रुखहरु हटाउन नसकीएको । | क) जग्गा अधिग्रणका लागि नेपाल सरकार ( मन्त्रीपरिष्द) बाट स्वीकृत गराइएको,<br><br>ख) मुआब्जा वितरणको लागि स्थानीय सरकारसँग समन्वय गरिएको,<br><br>ग) रुखहरु हटाउनको लागि जिल्ला वन कार्यालयसँग समन्वय गरिएको र जिल्ला वन कार्यालयले हाल स्थलगत कार्य गरिरहेको । | |
| ३. | बबई सिँचाइ आयोजना | क) जग्गा अधिग्रहणमा समस्या रहेको,<br><br>ख) मूल्य वृद्धि, बढ्दो शहरीकरण, ठेक्का व्यवस्थापनमा देखिएका समस्याका कारण लागत वृद्धि,<br><br>ग) सुरु बजेट विनियोजन न्यून भई थप बजेटको गैर सुनिश्चितता,<br><br>घ) निर्माण सामग्रि संकलन र उपलब्धतामा कठिनाई,<br><br>ङ) नहर सञ्चालन र निर्माण कार्य सँगै गर्नुपर्ने,<br><br>च) बबई नदि कटान,<br><br>छ) पर्याप्त बजेटको अभाव । | क) कम जग्गा अधिग्रहणका लागि नहरको डिजाइन परिवर्तन तथा सरोकारवालासँग समन्वय गरी मुआब्जा वितरण गरिएको,<br><br>ख) नदिजन्य निर्माण सामग्रिको लागि विभिन्न निकायसँग समन्वय गरिएको,<br><br>ग) जल उपभोक्तासँग समन्वय गरी नहर सञ्चालनको समय घटाइएको । | |
| ४. | सिक्टा सिँचाइ आयोजना | क) माटो कमजोर भएको कारण मूल नहर भत्किएको,<br><br>ख) विभिन्न ठाउँमा बाढी पसी | क) काम बाँकी रहेको मूल नहरको निर्माणकार्य अगाडि बढाइएको, | |

| | | | | |
|---|---|---|---|---|
| | | नहरका डिलहरु भत्किइ क्षतिग्रस्त भएको,<br><br>ग) अनुमानित लागतभन्दा दोब्बर लागत बढेको,<br><br>घ) समयमै काम सम्पन्न गर्न कठिनाई देखिएको । | ख) हाल भत्किएका मूल नहरको ठाउँहरु मर्मतको कामलाई अगाडि बढाइएको,<br>ग) भत्किएका डिलहरु मर्मतको कार्यलाई अगाडि बढाईएको । | |
| ५. | हुलाकी राजमार्ग | क) जग्गा अधिग्रहणमा स्थानीय सहयोग नभएको साथै नापी र मालपोतबाट समयमा पाउनुपर्ने सहयोग नपाईको,<br><br>ख) विद्युतीय पोल हटाउन ने.वि.प्रा. वाट सहयोग नपाईएकाले सडक निर्माणमा ढिलाई भएको,<br><br>ग) रुखहरु हटाउन र खेतियोग्य जमिन तथा राष्ट्रिय निकुञ्जले गर्दा समस्या देखिएको,<br><br>घ) जिम्मेवारीपूर्वक काम सम्पन्न गर्ने निर्माण व्यवसायीहरुको अभाब रहेको,<br><br>ङ) दक्ष प्राविधिक जनशक्तिको कमी रहेको,<br><br>च) पर्याप्त बजेटको अभाब रहेको । | क) जग्गा अधिग्रहणका लागि सरोकारवाला निकायहरुसँग समन्वय गरिएको,<br><br>ख) रुख हटाउन जिल्ला वन कार्यालयसँग समन्वय गरिएको,<br><br>ग) विद्युतीय पोल हटाउन नेपाल विद्युत प्राधिकरणलाई अनुरोध गरिएको,<br><br>घ) स्थानीय तह तथा जिल्ला समन्वय समिति सँग सहकार्य गरिएको,<br><br>ङ) बजेट पर्याप्तताको लागि अर्थमन्त्रालयलाई पत्राचार गरिएको । | |
| ६. | लुम्बिनी क्षेत्र विकास कोष | क) आवश्यक बजेटको अभाव रहेको,<br><br>ख) दक्ष प्राविधिक कर्मचारीको अभाव रहेको,<br><br>ग) अन्तर्राष्ट्रिय प्रतिवद्धता अनुरुप श्रोत प्राप्त नभएको,<br><br>घ) स्थानीय जनताको असहयोग रहेको,<br><br>ङ) होटल, विजुली, पानी, | क) अन्तर्राष्ट्रिय दातृ संस्था तथा देशहरुसँग सहयोगको लागि पहल गरिएको,<br><br>ख) बाँकी कामहरु नेपाल सरकारबाटै हुन प्रतिबद्धता प्राप्त भएको,<br><br>ग) दक्ष प्राविधिक जनशक्तिको पदपूर्तिका लागि पहल गरिएको । | क) पर्याप्त बजेटको व्यवस्थापन हुन जरुरी रहेको,<br><br>ख) समय सापेक्ष संगठन तथा व्यवस्थापन सर्वेक्षण (O & M) का कार्यहरु सम्पन्न गरी पदपूर्ति गर्नुपर्ने, |

| | | | | |
|---|---|---|---|---|
| | | लगायतका समस्याका साथै वरीपरी अतिक्रमणले बढेको र हटाउन नसकिएको,<br><br>च) सामान्य कामका लागि पनि पुरातत्व विभागको स्वीकृति लिनुपर्दा समयमा निर्णय लिन नसकिएको । | | ग) अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क विस्तारका लागि आवश्यक समन्वय गर्नुपर्ने,<br><br>घ)प्रदेश र स्थानीय सरकारहरु सँग आवश्यक समन्वयका लागि राजनैतिक प्रतिवद्धताका लागि पहल भएको । |
| ७. | गौतम वुद्ध अन्तर्राष्ट्रिय विमानस्थल | क) माटो तथा नदीजन्य निर्माण सामग्रीको अभाव रहेको,<br><br>ख) समयमा मुआब्जा वितरण गर्न नसक्दा सरोकारवालाहरु आन्दोलित भएका,<br><br>ग) अन्तरनिकाय समन्वयको अभाव रहेको,<br><br>घ) निर्माण कम्पनीको आन्तरिक विवादले समस्या सिर्जना गरेको । | क) पर्याप्त गृहकार्य गरी काम अगाडि बढाईएको कारणले गर्दा निर्माण सामग्रिको उपलब्धतामा सहजता आएको,<br><br>ख) नेपाल सरकारसँग समन्वय गरी हालसम्म ९ अर्व मुआब्जा बाँडिएको र १४ अर्व बाँड्न बाँकी रहेको,<br><br>ग) निर्माण कम्पनिको विवाद हाल समाधान भएको,<br><br>घ) अन्तर निकाय समन्यलाई प्रभावकारी बनाउन सरोकारवाला सँग समन्वय गरिएको । | **प्रदेश सरकारसँग अपेक्षा**<br>क) नदीजन्य निर्माण सामग्रीको लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने,<br><br>ख) मुआब्जा वितरणको लागि नेपाल सरकार सँग समन्वय गर्नुपर्ने<br>ग) निरन्तर अनुगमन गर्नुपर्ने,<br><br>घ) विमानस्थल छिट्टै सञ्चालन हुन लागेकोले आवश्यक अन्य तयारीहरु गर्नुपर्ने,<br><br>ङ) पर्यटकको बसाई अवधि लम्ब्याउन अन्य पर्यटकीय गन्तव्यहरुको विकास गर्नुपर्ने । |

## ५. माननीय मुख्यमन्त्रीज्यूबाट भएको निर्देशन :–

१. आयोजना नेपाल सरकारकै तहबाट भएतापनि शान्ति सुरक्षा र निर्माण सामग्रीको सहज आपूर्तिमा समेत प्रदेश सरकारले सहजीकरण गर्नुपर्दछ । निर्माण व्यवसायिले अनावश्यक खर्च गर्नुपर्ने स्थिति रहनुहुँदैन,

२. निर्माण कार्य समयमै सम्पन्न गर्नुपर्ने तर डिजाइन परिवर्तनका नाममा ढीलाई हुने गरेको हुँदा यसका लागि प्राविधिकहरुसंग छलफल गरि ठोस निर्णय गर्नुपर्ने,

३. आयोजना निर्माणकै क्रममा क्षति हुने अवस्था आउन नदिन सचेत रहने, अन्यथा सिक्टा सिँचाइ आयोजनमा भएको जस्तो घटना हुन सक्छ,

४. समस्या समाधानकालागि राजनीतिक पहलकदमी हुनुपर्ने ।

**बबई सिँचाई आयोजना**

१. बेला बेलामा संचार माध्यमसंग प्रगतिबारे अन्तरकृया गर्नु जरुरी छ । स्थानीय तहमा पर्ने समस्याको बारेमा प्रदेशमा समस्या राख्न सकिन्छ । समस्या भएको ठाउँ छोड्दै अघि जानुभन्दा समस्या समाधान गर्दै टुङ्ग्याउदै जानुपर्छ । तल्लो तटीय क्षेत्र नहरको पानी पछिको प्रभाव हेर्नुपर्छ,

२. नहरको सुरक्षा गर्न नदी किनारमा बाटोको विकास गरिए नहरको सुरक्षा हुनेहुँदा यसतर्फ ध्यान आकर्षण गर्न चाहन्छु,

३. ३ बर्षमा भेरी–बबई डाइभर्सन सम्पन्न भएपछि सिँचाइ प्रणालिलाई थप व्यवस्थित गर्नुपर्ने हुँदा अहिले नै त्यो अवस्थाको बारेमा सोचिनुपर्दछ ।

**हुलाकी राजमार्ग**

१. भौतिक र वित्तीय प्रगतिमा सन्तुलन नदेखिएकोले भविष्यमा यस आयोजनाको कामलाई थप रफ्तारमा लैजानुपर्ने देखियो,

२. आयोजना प्रमुखले लक्षित उपलब्धी हासिल गर्न नपुग रकम माग गर्ने, समस्या आएमा प्रदेश सरकार संग समन्वय गर्ने । प्रदेश सरकारले पनि यस कार्यमा सहयोग गर्ने प्रतिवद्धता दिन चाहन्छु,

३. राप्ती नदिको माथि पूल निर्माण गरेमा नदीको वहाव रोक्न मद्धत पुग्ने देखिन्छ साथै नदीको overflow लाई नियन्त्रण गर्न सक्ने देखिन्छ,

४. काम समयमा गर्न नसक्ने कुरामा ठेकेदारसँग छलफल गर्ने र कार्यालयबाटै समस्या समाधान गरिदिने । ठेकेदारले गलत मनसाय राखि कार्य गरेको भए तत्काल कारवाही गर्ने ।

**लुम्बिनी विकास कोष**

लुम्बिनी विकास कोषले, पर्यटन प्रवर्द्धन र स्थानीय जनताको आर्थिक समृद्धि गर्न निम्न कुरा गर्न सक्ने देखिन्छ ।

१. पर्यटन मैत्री वातावरण वनाउने,

२. सवारीसाधन व्यवस्थित गर्ने गराउने,

३. लुम्बिनी भित्र पसल थाप्न दिंदा बुद्धसँग सम्बन्धित नेपाली हस्तकला मात्र बेच्न पाउने बनाउने र उपहार कक्ष समेत बनाउने । स्थानीय जनतालाई उत्पादन गर्न लगाई उनीहरुको जिवनस्तर उकास्ने प्रयत्न गर्ने,

४. विद्यालयमा बुद्धशिक्षा बारे पाठ्यक्रम निर्माण गर्न लगाई अध्ययन गराउँदा लुम्विनीमा आउने पर्यटकहरुलाई सहजिकरण गर्न सहयोग पुग्छ,

५. कोषले मास्टर प्लान अनुसार काम गर्ने, वाहिरी यातायात लगायतका क्षेत्रमा आफ्नो समय खर्च नगर्ने,

६. आवश्यक ठाउँ पहिचान गरी जग्गा प्राप्ति गर्ने तर्फ ध्यान दिने ।

**गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल**

१. यस विमानस्थल समयमै सम्पन्न गर्न के कस्तो सहयोगको आवश्यकता पर्दछ त्यसकालागि समयमै पहल गर्ने,

२. जग्गा अधिग्रहण गर्न र मुआव्जा वितरणमा परेको समस्या सुल्झाउन स्थानीय तह, जिल्ला समन्वय समिति, स्थानीय प्रशासन समेतको सहयोग लिने,

३. विमानस्थल सम्पन्न गर्न राजनीतिक क्षेत्र, समाजसेवी, प्रदेश सरकार, स्थानीय प्रशासन, स्थानीय तह एवं पत्रकारहरु सवै एकजुट हुनु पर्दछ । त्यसकालागि प्रदेश सरकार सहयोग गर्न प्रतिबद्ध छ ।

**६) निष्कर्ष :–**

यस प्रदेशमा पर्ने बहुप्रतिक्षित ७ वटा राष्ट्रिय गौरवका आयोजनाहरुको सम्बन्धित आयोजनाका प्रमुख तथा प्रतिनिधिहरुले प्रस्तुत गर्नुभएको आयोजनाहरुको प्रगति विवरण, कार्यान्वयनमा देखिएका समस्याहरु तथा समाधानका उपायहरू लगायतका थप गर्नुपर्ने कार्यहरुको सम्बन्धमा भएको अन्तरक्रिया अत्यन्तै फलदायी रह्यो । साथै उक्त आयोजनाहरुको निर्माण कार्यलाई समयमै सम्पन्न गरी "समृद्ध प्रदेश खुसी जनता" को नारालाई सार्थक बनाउन प्रदेश सरकारबाट निरन्तर अनुगमन, मूल्याङ्कन तथा आवश्यक समन्वय र सहयोगको अपेक्षा गरिएको विषयलाई महत्व दिईएको थियो । साथै, माननीय मुख्यमन्त्रीज्यूबाट भएको निर्देशन तथा सुझावहरुलाई समयमै कार्यान्वयन गर्न सके राष्ट्रिय गौरवका आयोजना बाट अपेक्षित प्रतिफल प्राप्त गर्न सकिने देखिन्छ । राष्ट्रिय गौरवका आयोजनाहरुबाट हालसम्म गरेको कार्यलाई मध्यनजर राख्दा आयोजनमा काम गर्ने आयोजना प्रमुख र कर्मचारीहरुको काम गर्ने जागरुकता नै प्रमुख रहेको महशुस भयो, किनभने कुनै आयोजनाको कार्य प्रगति राम्रो देखिन्छ भने कुनै आयोजनाको कार्य प्रगति निरासाजनक देखिन्छ । त्यसैले लक्ष्य अनुसारको प्रगति हासिल गर्न सबै पक्षहरुले सहयोग पुऱ्याउन पर्ने देखिन्छ । आयोजनाहरुको नियमित अनुगमन र कार्य प्रगतिको आधारमा मूल्यांकन हुने परिपाटि रहेमा कर्मचारीहरुमा काम गर्ने उत्साह आउने र आयोजना सम्पन्न हुन सक्ने हुँदा यस तर्फ नेपाल सरकारको ध्यानाकर्षण समेत गरिएको छ ।

७) अनुसूचिहरु :–

**अनुसूची १) -आयोजनाको प्रगति विवरण प्रस्तुत गर्नुहुने आयोजना प्रमुख तथा प्रतिनिधिहरु**

| | |
|---|---|
| क) पुष्पलाल (मध्यपहाडी) लोकमार्ग–सूर्य बहादुर भाट | –आयोजना प्रमुख |
| ख) भेरी बबई डाइभर्सन–प्रकाश पुडासैनी | –डिभिजन ईन्जिनियर |
| ग) बबई सिँचाई आयोजना–कुञ्जन भक्त श्रेष्ठ | –आयोजना प्रमुख |
| घ) सिक्टा सिँचाइ आयोजन– प्रविण श्रेष्ठ | –सि.डि.ई |
| ङ) हुलाकी राजमार्ग–कृष्ण नाथ ओझा | –आयोजना प्रमुख |
| च) लुम्बिनी विकास कोष–सरोज भट्टराई | –आयोजना प्रमुख |
| छ) गौतमवुद्ध अन्तराष्ट्रिय विमानस्थल–ओम शर्मा | –आयोजना प्रमुख |

**अनुसुची २)- आयोजनाको प्रस्तुतिका विषयवस्तुहरु**

**क) पुष्पलाल (मध्यपहाडी) लोकमार्ग**

१. आयोजनाको जानकारी
२. आयोजनाको परिचय
३. हालसम्मको समग्र स्थिति
४. समस्याहरु
५. समाधानका प्रयासहरु
६. प्रदेश सरकारसँग अपेक्षाहरु
७. फोटो प्रस्तुती

**ख) भेरी ववई डाईभर्सन**

१. Background
२ .Technical features
३ .Present status/progress
४ .Headworks and powerhouse
५ .Concept on modality of operation
६ .Some problems and issues
७ .Video and photo presentation

**ग) बबई सिंचाई आयोजना**

१. परिचय
२. पृष्ठभूमि
३. विशेषताहरु
४. वजेट सम्वन्धी विवरण
५. प्रगति विवरण
६. ठेक्का सम्वन्धि विवरण
७. वेरुजु विवरण
८. समस्याहरु
९. समाधानका प्रयासहरु
१०. फोटो प्रस्तुती

**घ) सिक्टा सिंचाइ आयोजना**

१. संक्षिप्त विवरण
२. आयोजना अर्न्तगतका मुख्य कार्यहरु
३. हाल सम्मका मुख्य उपलब्धीहरु
४. संक्षिप्त प्रगति विवरण
५. वेरुजु सम्वन्धी विवरण
६. प्रगति सारांश
७. आयोजनका फोटोहरु

**ङ) हुलाकी राजमार्ग**

१. परिचय
२. समग्र प्रगति विवरण
३. केही समस्या तथा सवालहरु
४. फोटो प्रस्तुती

**च) लुम्विनी विकास कोष**

१. परिचय
२. वार्षिक लक्ष्य तथा प्रगतिहरु
३. लक्ष्य अनुसारका काम हुन नसक्नुका कारण
४. समस्या समाधानका लागि भएका प्रयासहरु
५. वेरुजु सम्वन्धी विवरण

६. मुख्य मुख्य समस्याहरु, समाधानका लागि सुझाव तथा अपेक्षाहरु
७. फोटो प्रस्तुती

**छ) गौतमवुद्ध अन्तराष्ट्रिय विमानस्थल**

१. आयोजनाको विस्तृत जानकारी
२. आ.व. ०७४/७५ को लक्ष्य तथा प्रगति
३. शुरुदेखि  हालसम्मको भौतिक तथा वित्तीय प्रगति
४. आयोजनाको मुख्य समस्या तथा वाधाहरु
५. आगामी दिनको कामहरु र सोको तयारी
६. प्रदेश सरकारको भूमिका
७. फोटो फाइलहरु

**समाप्त**